हामी बोलेर मात्र
हाेइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २६२ | बुटवल | २०८३ असोज २२ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday October 08, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## भैरहवामा दसैं महोत्सव हुने



भैरहवा बडादशैंको पावन अवसर पारेर रुपन्देहीको पर्यटकीय तथा व्यापारिक शहर भैरहवामा भैरहवा दसैं महोत्सव-२०८३’ आयोजना हुने भएको छ लायन्स क्लब अफ भैरहवा लिगेसीको मुख्य आयोजनामा असोज २५ गतेदेखि कात्तिक ६ गतेसम्म सिद्धार्थनगर-४ स्थित गल्लामण्डी रोड, सुगरमिल परिसरमा महोत्सव सञ्चालन हुन लागेको हो

बुधबार भैरहवामा पत्रकार सम्मेलनको आयोजना गर्दै क्लबले महोत्सवसको तयारी र उद्देश्यबारे औपचारिक रूपमा जानकारी गराएको हो दसैंको अवसरमा मनोरञ्जन प्रदान गर्नुका साथै स्थानीय व्यापार-व्यवसाय प्रवर्द्धन गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने र आर्थिक गतिवि(धलाई चलायमान बनाउने मुख्य उद्देश्यका साथ महोत्सव आयोजना गर्न लागिएको आयोजकले जनाएका छन्

महोत्सवलाई थप भव्य र मनोरञ्जनात्मक बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय स्तरका बहुचर्चित कलाकारहरुको प्रस्तुति रहने भएको छ पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार नेपालका चर्चित गायक तथा कलाकारहरु दुर्गेश थापा, प्रीति पासवान, गंगु क्षेत्रीका साथै छिमेकी मुलुक भारतबाट चर्चित अभिनेत्री अक्षरा सिंह र राजा भोजपुरिया लगायतका कलाकारहरुले आफ्नो सांगीतिक तथा सांस्कृतिक प्रस्तुति दिने निश्चित भएको छ

नेपाल-भारत सीमा नाका, पर्यटकीय स्थल लुम्बिनीको मुख्य प्रवेशद्वार तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका कारण भैरहवा क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्ने उच्च सम्भावना बोकेको मुख्य नाका हो लायन्स क्लब अफ भैरहवा लिगेसीका अध्यक्ष नारायणप्रसाद कोइरालाका अनुसार दसैंको समयमा सीमावर्ती भारतीय क्षेत्रबाट ठूलो संख्यामा पर्यटकहरुको आवतजावत हुने गर्दछ यसै कुरालाई मध्यनजर गर्दै आयोजना गर्न लागिएको यस महोत्सवले भारतीय पर्यटकका साथै स्थानीय तथा आसपासका बासिन्दालाई मनोरञ्जन दिँदै सीमावर्ती क्षेत्रको पर्यटन, होटल तथा व्यापारिक अर्थतन्त्रलाई सकारात्मक दिशा दिने विश्वास व्यक्त गरिएको छ

आयोजकका अनुसार महोत्सवमा रुपन्देहीको भैरहवासहित मर्चवार, लुम्बिनी, परासी, बुटवल, सैनामैना, शुद्धोधन, कञ्चनलगायत आसपासका छिमेकी पालिका तथा जिल्लाहरुबाट ठूलो संख्यामा आन्तरिक पर्यटक तथा दर्शकहरुको उपस्थिति रहने अपेक्षा गरिएको छ

» बाँकी ३ पेजमा

# एमसीसी कम्प्याक्टको म्याद एक वर्ष थप गर्ने तयारी




बुटवल नेपालमा ‘मिलेनियम च्यालेन्ज कर्पोरेसन’ (एमसीसी) कम्प्याक्टको म्याद एक वर्ष थप गर्ने तयारी गरिएको छ

एमसीसी अनुदानमा सञ्चालित परियोजनाहरू पाँच वर्षभित्र सम्पन्न गर्नैपर्ने बाध्यात्मक व्यवस्था छ तर, नेपालमा परियोजना कार्यान्वयन सुरु (इन्ट्री इन्टु फोर्स) भएपछि अमेरिकी सहयोगबारे समीक्षाका कारण केही महिना काम स्थगित भएको, प्राकृतिक विपद्का कारण ढिलाइ भएको लगायत कारण एक वर्षसम्म म्याद थप गर्ने विषयमा नेपाल र अमेरिका दुवै सहमति नजिक पुगेको अर्थ मन्त्रालय स्रोतले जानकारी दिएको छ

नेपालमा एमसीसी परियोजना १३ भदौ २०८० देखि कार्यान्वयनमा गएको थियो सोही मितिदेखि पाँच वर्षभित्र परियोजना कार्यान्वयन भइसक्नुपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने एमसीसी कम्(प्याक्टमा उल्लेख छ

तर, यसबिच अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि उक्त सहयोगको समीक्षाका लागि केही समय कार्यान्वयन रोकिएको थियो त्यस्तै गत वर्ष र यस वर्ष त्रिशूली नदीमा आएको भीषण बाढीका कारण पनि परियोजना कार्यान्वयनमा असर परेको मन्त्रालय स्रोत बताउँछ यी विषय मध्यनजर गर्दै एक वर्षसम्म परियोजना कार्यान्वयन म्याद थप गर्ने तयारी भएको हो

‘एमसीसी परियोजनाको लागत नबढ्ने गरी समय मात्रै १२ महिनासम्म थप (नो कस्ट एक्स्टेन्सन) गर्न सकिने गरी काम भइरहेको छ,’ मन्त्रालय स्रोतले भन्यो

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अमेरिका भ्रमणमा एमसीसीका निमित्त उपाध्यक्ष ज्यासन स्मलले उनीसँग भेट गरेका थिए सोही भेटमा पनि दुई पक्षबीच परियोजना कार्यान्वयन म्याद थप गरेरै भए पनि यसलाई सफल कार्यान्वयन गर्ने विष(यमा छलफल भएको मन्त्रालय स्रोतको भनाइ छ

‘यो परियोजनालाई उदाहरणीय रूपमा कार्यान्वयन गर्नुपर्छ, आवश्यक परे म्याद थप गरेरै भए पनि यसलाई सफल बनाउनुपर्छ भन्ने सैद्धान्तिक सहमति दुई पक्षबीच भएको छ’- स्रोतले भन्यो

परियोजना म्याद थपका विषयमा निर्णय गरिदिन एमसीए नेपालले अर्थ मन्त्रालयलाई प्रस्ताव पठाएको थियो त्यस प्रस्तावका आधारमा अर्थ मन्त्रालयले म्याद थपसम्बन्धी प्रस्ताव मं(न्त्रपरिषद् लैजानुपर्ने हुन्छ र मन्त्रिपरिषद्ले पारित गरी त्यसको जानकारी एमसीसीलाई दिनुपर्ने स्रोतको भनाइ छ नेपालले यस सम्बन्धमा अनुरोध पठाइसकेपछि आगामी डिसेम्बरमा बस्ने एमसीसीको बोर्ड बैठकले यसबारे सहमति प्रदानको निर्णय गर्ने सम्भावना रहेको पनि स्रोतले बतायो तर, अर्थ मन्त्रालयले हालसम्म मन्त्रिपरिषद्मा म्याद थपबारे हालसम्म प्रस्ताव नगएको मन्त्रालय स्रोतले बताएको छ

‘यसको म्याद थप गर्न सक्ने गरी अमेरिकाको यस वर्षको वि(नयोजन कानुनमा नै उल्लेख भइसकेको छ, त्यसो हुँदा नेपाल सरकारले औपचारिक निर्णय गरेपछि यसबारे थप प्रक्रिया अघि बढ्छ’- स्रोतले भन्यो नेपालमा प्रसारण लाइन, सबस्टेसन र सडक पूर्वाधार बनाउन २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच सम्झौता (कम्प्याक्ट) मा हस्ताक्षर भएको थियो त्यसबेला एमसीसीले नेपाल(लाई ५० करोड डलर अनुदान उपलब्ध गराउने विषय उल्लेख थियो

तर, त्यो सम्झौता कार्यान्वयन गर्ने विषयमा नेपालमा लामो समयसम्म राजनीतिक तहमा विवाद भएपछि कम्प्याक्टलाई नेपालको संसद्ले अनुमोदन गर्न साढे ४ वर्षभन्दा बढी समय लगायो

१५ फागुन २०७८ मा मात्रै नेपालको संसद्बाट व्याख्यात्मक घोषणा सहित एमसीसी कम्प्याक्ट अनुमोदन भयो र, सम्झौता भएको ६ वर्षपछि १३ भदौ २०८० देखि एमसीसी परियोजना कार्यान्वयनमा गएको थियो एमसीसी अनुदान परियोजना कार्यान्वयन गर्न अमेरिकाले सुरुमा ५० करोड डलर अनुदान दिने सम्झौता भएको थियो त्यसपछि उसले ५ करोड डलर अनुदान थप गरेको छ यसरी यो परियोजनामा अमेरिकाको अनुदान कुल ५५ करोड डलर छ

नेपालले पनि यो परियोजनाका लागि सुरुमा १३ करोड डलर योगदान गर्ने सम्झौता भएको थियो तर, एमसीसी परियोजना लागत बढ्ने भएपछि नेपालले मे २०२३ मा थप ६ करोड ७० लाख डलर लगानी बढाउने प्रतिबद्धता गरिसकेको छ यसरी अमेरिकी सरकारको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख गरी ७४ करोड ७० लाख डलरमा प्रसारण लाइन, सबस्टेसन तथा सडक सुधार परियोजना कार्यान्वयन भइरहेको छ ।

» बाँकी ३ पेजमा

## चोलेन्द्रसहित ६ जनाको घरमा छापा



बुटवल सम्पत्ति शुद्धीकरण विभागले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, उनी निकटका केही व्यक्तिहरू र नातेदारको घरमा छापा मारेको छ

विभाग एवं प्रधानमन्त्री निकट स्रोतका अनुसार, पूर्वप्रधानन्यायाधीश जबरा, नवराज थपलिया, दिपक तिमल्सिना र नारायण दाहालको घरमा छापा मार्ने काम भइरहेको छ

स्रोतका अनुसार जबराका केही नातेदारको घरमा पनि सम्पत्ति शुद्धीकरणको टोली पुगेको छ

जबराका भाइ प्रभुशमशेर जबरा एवं ज्वाइँ नाता पर्ने नवीन बस्नेतको घरमा पनि सम्पत्ति शुद्धीकरणको टोलीले छापा मारेको हो जबराका निकटस्थ व्यक्तिका घरमा अहिले छापा मारेर महत्त्वपूर्ण कागजातहरू बरामद गरिएको छ

केही दिनअघि मात्रै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चोलेन्द्रलाई उनकै घरबाट मध्यराति पक्राउ गरेर १२ घण्टासम्म नियन्त्रणमा लिएर छाडेको थियो ।

## बुटवल उद्योग वाणिज्य संघको अधिवेशन :
# पौडेल प्यानलको उम्मेदवारी घोषणा



बुटवल बुटवल उद्योग वाणिज्य संघको असोज २३ गतेदेखि सुरु हुने २६औं अधिवेशनबाट चयन हुने नयाँ नेतृत्वका लागि नरिश्वर शर्मा पौडेल नेतृत्वको प्यानलले उम्मेदवारी घोषणा गरेको छ

बुधबार बुटवलमा पत्रकार सम्मेलन गरी पौडेल नेतृत्वको प्यानल सार्वजनिक गरिएको हो

संघको अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरेका पौडेल संघका पूर्व वाणिज्य उप(ाध्यक्ष तथा बुटवल-४ का वडाध्यक्षसमेत हुन् उनको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा सुरज भट्टराई, उद्योग उपाध्यक्षमा निर्मित कसजु, वाणिज्य उपाध्यक्षमा बाबुराम विश्वकर्मा, महासचिवमा बसन्तप्रसाद ढकाल, कोषाध्यक्षमा प्रतिक पोखरेल, सचिवमा दिपकप्रसाद चापागाईं र सह-कोषा(ध्यक्षमा कमला पोखरेल पराजुलीले उम्मेदवारी घोषणा गरेका छन्

यस्तैगरी, एशोसियट सदस्यमा भानुभक्त खत्री, उद्योग सदस्यमा सुनिता बञ्जाडे, कृष्णप्रसाद पाण्डे, ज्ञानबहादुर पुन र लेखनाथ भण्डारीले उम्मेदवारी घोषणा गरेका छन् यस्तै वाणिज्य सदस्यमा गणेशप्रसाद भट्टराई, उमेश अमात्य, जगन्ननाथ न्यौपाने र रामबहादुर भण्डारीले उम्मेदवारी घोषणा गरेका छन् महिला सदस्यमा रेनु श्रेष्ठ र मञ्जु पुरी गिरी तथा खुला सदस्यमा विष्णु घिमिरे पन्त, दीपक घिमिरे, प्रदिप शाक्य, अलिम दिन, कृष्ण श्रेष्ठ, शिवदेव अर्याल र विष्णु उपाध्यायले उम्मेदवारी घोषणा गरेका छन्

अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्दै पौडेलले व्यवसायीका समस्या समाधान, संघको संस्थागत सुदृढीकरण, औद्योगिक क्षेत्रको व्यवस्थापन तथा निजी क्षेत्रको हितलाई प्राथमिकतामा राखेर आफू चुनावी मैदानमा उत्रिएको बताए संघको नेतृत्वमा पुर्व उपाध्यक्ष दिनेशप्रसाद श्रेष्ठ र हालका वरिष्ठ उपाध्यक्ष टंक गैरेबीच एउटै प्यानल बनाएर जाने बारे छलफल भइरहेको छ संघमा करिब दुई हजार उद्योगी व्यवसायी आवद्ध छन्



## सम्पादकीय

# पाल्पाको वैभव प्रवर्द्धन गर्ने अवसर

पाल्पाको संस्कृति, सम्पदा र ऐतिहासिक पहिचानलाई प्रवर्द्धन गर्न लुम्बिनी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आजदेखि सुरु हुँदैछ पाल्पा सांस्कृतिक र ऐतिहासिक वैभव भएको ठाउँ हो प्राकृतिक रूपमा सुन्दर पाल्पामा सेनकालीन सम्पदास्थलहरु जीवन्त छन् यहाँको मगर संस्कृतिको मौलिकताले धेरैलाई लोभ्याउँछ पाल्पाको वैभवलाई प्रचार गर्न महोत्सवले सघाउ पुऱ्याउनेछ

पाल्पाको संस्कृति, सम्पदा र ऐतिहासिक महत्वलाई प्रवर्द्धन गर्न सक्दा धेरै लाभ लिन सकिन्छ तर माल पाएर चाल नपाएझैं पाल्पाले अपेक्षित लाभ लिन सकिरहेको छैन् पर्यटन प्रवर्द्धन गर्न सकिने धेरै चीज भएको पाल्पामा प्रवर्द्धनका कार्यक्रम अघि बढ्न नसकिरहेका बेला चलचित्र महोत्सव हुनु खुशीको विषय हो महोत्सवमा नेपालसहित विश्वका विभिन्न देशका २६ वटा चलचित्र प्रदर्शन गरिनेछ महोत्सव केवल चलचित्र प्रदर्शन मात्र नभई लुम्बिनी प्रदेशका १२ वटै जिल्ला र पाल्पाको मौलिक संस्कृति, खानपान, भेषभुषा र पर्यटकीय स्थलमा चलचित्र छायाङ्कनको वातावरण निर्माण गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ तानसेनलाई 'फिल्म सिटी'को रूपमा विकास गर्न यो महोत्सवले मार्गनिर्देश गर्ने अपेक्षा गर्न सकिन्छ धेरै पहिलेदेखि सुन्दर नगर तानसेनलाई फिल्म सिटीको रुपमा विकास गने ' आवाज उठे पनि त्यसअनुसार पूर्वाधारको विकास र प्रवर्द्धन हुन नसक्दा फिल्म सिटीको पहिचान पाएन् अहिले पूर्वाधार विस्तारले पाल्पाको मुहार फेरिएको छ

महोसत्व आफ्नो संस्कृति अरुलाई बुझाउन र अरुको संस्कृति बुझ्ने महत्वपूर्ण अवसर हो महोत्सवमा नेपाली फिचर कथानक चलचित्र, लघु कथानक चलचित्र, वृत्तचित्रका साथै अन्तर्राष्ट्रियस्तरका फिचर तथा लघु चलचित्रहरु समावेश छन् चलचित्र छनौटमा सामाजिक महत्व,मौलिक कथा, सांस्कृतिक पक्ष र कलात्मक गुणस्तरलाई मुख्य प्राथमिकता दिइने बताइएको छ चलचित्र प्रदर्शनपछि सम्बन्धित चलचित्रका निर्देशक, निर्माता तथा कलाकारहरु बिच प्रत्यक्ष संवाद हुने भएकाले दर्शकलाई चलचित्र निर्माण प्रक्रिया, विषयवस्तु र सिर्जनात्मक पक्ष बुझ्न मद्दत पुग्नेछ लुम्बिनी प्रदेशको कला, संस्कृति, पर्यटन र समृद्धिका विविध विषयमा क्षेत्रगत विशेषज्ञ, नीति निर्माता, स्थानीय तहका प्रतिनिधि र चलचित्रकर्मीहरुको सहभ(ागितामा प्यानलगत छलफलले कला संस्कृति, पर्यटन र समृद्धिलाई जोड्न महत्वपूर्ण भूमिका खेल्नेछ

तीन दिनसम्म चल्ने यो महोत्सवलाई सार्थक बनाउन सक्दा पाल्पाको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्नेछ आन्तरिक र बाह्य पर्यटकका लागि पाल्पा राम्रो गन्तव्य बनिरहेको बेला यस्ता कार्यक्रमले पाल्पामा पर्यटकलाई आर्कषित गर्न सघाउ पुऱ्याउँछन् आयोजक कथा मण्डला र सञ्चार मञ्च पाल्पा मात्रै नभएर स्थानीय तह, पर्यटन व्यवसायी, राजनैतिक दल सबैले महोत्सवलाई सार्थक बनाउन पहलकदमी लिनु राम्रो हुनेछ

# बीपी कोइरालाका नीतिको निरन्तरता र युवा सहभागिता



सुशील भट्ट

बीपी कोइराला नेपाली राजनीतिका यस्ता बिरल नेता हुन् जसले राणाशासनविरुद्धको संघर्ष, लोकतन्त्रको पुनःस्थापना, राष्ट्रिय मेलमिलाप र सामाजिक न्यायलाई एउटै राजनीतिक कडीमा जोडे नेपाली कांग्रेसले आज आफ्नो ऐतिहासिक विश्वसनीयता पुनःस्थापित गर्न बीपीको लोकतान्त्रिक समाजवादलाई व्यवहारमा उतारेर युवालाई निर्णायक नेतृत्वमा ल्याउनुपर्छ

बीपीका लागि लोकतन्त्र निर्वाचन जित्ने वा सत्ता प्राप्त गर्ने माध्यम थिएन उनका लागि त लोकतन्त्र नागरिक स्वतन्त्रता, संविधानको शासन, संस्थागत शक्ति, बहुलवाद, विचारको स्वतन्त्रता र जनताको अधिकारको संरक्षण थियो उनले लोकतन्त्रलाई संस्कृतिका रूपमा हेरे जहाँ सत्ताधारीले विपक्षीको सम्मान गर्ने, राज्यले नागरिकको अधिकार सुरक्षित गर्ने र नागरिकले संस्थाप्रति जिम्मेवारी बोक्ने अवस्था आवश्यक हुन्छ

बीपीको समाजवाद राज्यद्वारा सबै कुरा नियन्त्रण गर्ने अर्थमा थिएन उनको लोकतान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रतासँगै आर्थिक असमानता घटाउने, स्रोत(साधनको न्यायोचित वितरण गर्ने, श्रमिक र गरिबको हक बलियो बनाउने तथा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको पहुँच विस्तार गर्ने कुरालाई जोड्थ्यो यस दृष्टिले जनसहभागिता, स्रोतको न्यायोचित बाँडफाँड र सामाजिक कल्याणलाई महत्त्व दिन्छ

उनको राजनीतिस् तेस्रो आधार राष्ट्रियता थियो बीपीका लागि राष्ट्रियता भनेको साँघुरो जातीयता वा सत्तावादी नारा नभएर नेपालको स्वतन्त्रता, भूमि र जनताको सामूहिक स्वाभिमानको रक्षा हो राष्ट्रिय हितलाई दलगत स्वार्थभन्दा माथि राख्ने, बाह्य सम्बन्धमा सन्तुलन र स्वाभिमान कायम गर्ने र आन्तरिक द्वन्द्वलाई संवादबाट समाधान गर्ने उनको सोच आज पनि सान्दर्भिक छ राष्ट्रिय मेलमिलापको उनको अवधारणा प्रतिशोधभन्दा संवाद, सहमति र देशको दीर्घकालीन हितमा आधारित थियो

**कांग्रेसको ऐतिहासिक विरासत**

नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक राजनीतिक शक्ति हो यसले राणाशासनको अन्त्य, प्रजातन्त्रको पुनःस्थापना, २०४६ सालको जनआन्दोलन र लोकतान्त्रिक संरचनाको विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको छ तर इतिहास मात्रले पार्टीलाई भविष्यमा उभ्याएर राख्दैन इतिहासलाई वर्तमानका चुनौतीसँग जोडेर नवीकरण गर्नुपर्छ

बीपीको विचार कांग्रेसको वैचारिक केन्द्र बनेको भनिए पनि त्यसको व्याख्या र प्रयोगमा भने भिन्नता देखिन्छ कांग्रेसभित्र बीपीको परम्परागत लोकतान्त्रिक समाजवाद कायम राख्ने कि बदलिँदो आर्थिक र सामाजिक परिस्थितिअनुसार यसलाई सामाजिक लोकतन्त्रका रूपमा परिभाषित गर्ने भन्ने बहस चर्किएको छ यो बहस स्वाभाविक हो तर यसलाई व्यक्तिगत शक्तिसंघर्षका रूपमा नभई नेपालको भविष्यका लागि नीतिगत बहसका रूपमा अघि बढाउनुपर्छ

**नीतिगत निरन्तरताको अर्थ**

बीपीको विचारको निरन्तरता भन्नाले पुराना भाषण दोहोऱ्याउनु होइन यसको अर्थ हो– उनका मूल्य र सिद्धान्तलाई आजका वास्तविक समस्यामा अनुवाद गर्नु लोकतन्त्र, समाजवाद र राष्ट्रियता आज पनि उपयोगी छन्, तर तिनको अभिव्यक्ति बदलिएको छ बेरोजगारी, विदेश पलायन, महँगी, भ्रष्टाचार, डिजिटल असमानता, जलवायु संकट र शासनप्रतिको अविश्वास युवा पुस्ताका मुख्य चिन्ता बनेका छन्

**कांग्रेसको नीतिगत निरन्तरता निम्न क्षेत्रमा स्पष्ट हुनुपर्छ –**

- **रोजगारी र अर्थतन्त्र**

उत्पादन, कृषि आधुनिकीकरण, साना तथा मझौला उद्यम, पर्यटन, ऊर्जा, सूचना प्रविधि र उद्यमशीलतालाई प्राथमिकता दिने विदेश पलायनलाई रोक्न आवेदन माग्नेमात्र होइन घरैमा रोजगारीको वातावरण बनाउने

- **शिक्षा र सीप**

विद्यालय शिक्षाको गुणस्तर सुधार, व्यावसायिक तालिम, अनुसन्धान र डिजिटल सीपलाई रोजगारीसँग जोड्ने

- **स्वास्थ्य र सामाजिक सुरक्षा**

गुणस्तरीय सार्वजनिक स्वास्थ्य सेवा, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, गरिब तथा विपन्न परिवारको सुरक्षा सञ्जाल विस्तार गर्ने

- **सुशासन र भ्रष्टाचार नियन्त्रण**

सार्वजनिक सेवालाई पारदर्शी, समयबद्ध र जवाफदेही बनाउने, भ्रष्टाचारविरुद्धको संस्थागत क्षमता बलियो बनाउने

- **समावेशिता**

महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्रका नागरिकको सार्थक प्रतिनिधित्व सुनिश्चित गर्ने

- **संघीयता र स्थानीय सबलीकरण**

स्थानीय तहलाई क्षमता, स्रोत र जवाफदेहीका साथ बलियो बनाउने

- **जलवायु र दिगो विकास**

विपद् जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण र हरित अर्थतन्त्रलाई विकासको मुख्य आधार बनाउने

बीपीको समाजवाद आजको भाषामा भन्दा यस्तो हुनुपर्छ ( बजारलाई उत्प्रेरणा दिने, तर राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र न्यायपूर्ण अवसरको ग्यारेन्टी गर्ने यसरी नै लोकतान्त्रिक समाजवादलाई वर्तमान अर्थतन्त्रसँग मिलाउन सकिन्छ

**आज कांग्रेस किन चुनौतीमा छ ?**

कांग्रेसको सबैभन्दा ठूलो चुनौती विचारको कमी नभएर विचार र व्यवहारबिचको दूरी हो जनताले पार्टीबाट नारा होइन, परिणाम खोज्छन्– रोजगारी, सस्तो र गुणस्तरीय सेवा, इमानदार नेतृत्व, सुरक्षा र भविष्यको भरोसा जब नागरिकले राजनीतिक दलभित्र एकता, आन्तरिक लोकतन्त्र र सेवाभाव देख्दैनन् तब उनीहरूको विश्वास घट्छ

हालका सार्वजनिक बहसहरूले कांग्रेसभित्र एकता, आन्तरिक लोकतन्त्र र पुस्तान्तरणको आवश्यकता स्पष्ट रूपमा उठाएका छन् आन्तरिक लोकतन्त्र पनि यसको अर्को महत्त्वपूर्ण पक्ष हो पार्टी सदस्यले सदस्यता लिने स्पष्ट प्रक्रिया, महाधिवेशनमा सहभागिता, निर्णयको जानकारी, न्यायोचित उम्मेदवारीको अवसर र गुनासो सुनुवाइको भरपर्दो माध्यम पाउनुपर्छ

**युवाको सहभागिता– नारा होइन, अधिकार**

युवा कांग्रेसको सबैभन्दा ठूलो सम्भावित शक्ति हो तर युवालाई सभा भर्ने, झन्डा बोक्ने, सामाजिक संजाल चलाउने वा चुनावी प्रचारमा खटाउने शक्तिका रूपमा हेर्नु पर्याप्त छैन

उनीहरूलाई नीति निर्माण, उम्मेदवार छनोट, संगठन सञ्चालन र नेतृत्वको तहमा वास्तविक अधिकार दिनुपर्छ युवा पुस्ताले सम्मान, अवसर, पारदर्शिता, जवाफदेही र निर्णय प्रक्रियामा सार्थक सहभागिता खोज्छन्

नेपाली कांग्रेसले हाल युवा प्रतिनिधित्वलाई संस्थागत गर्ने प्रयास गरेको छ

पार्टीको विधान संशोधनपछि वडादेखि केन्द्रीय कार्यसमितिसम्म ३५ वर्षमुनिका युवाका लागि आरक्षित स्थानको व्यवस्था भएको छ केन्द्रीय कार्यसमितिमा २१ स्थान युवाका लागि आरक्षित छन्

कम्तीमा १३ हजार ४८३ जना ३५ वर्षमुनिका व्यक्तिलाई वडादेखि केन्द्रसम्मका समितिमा स्थान सुनिश्चित गरिएको छ यो महत्त्वपूर्ण सुरुवात हो तर यसलाई संख्यात्मक कोटामा सीमित राख्नु हुँदैन

-कांग्रेसले युवाको सहभागिता वास्तविक बनाउन युवालाई वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रमा सदस्यमात्र होइन निर्णायक पदमा पनि राख्ने

-उम्मेदवार छनोटमा योग्यता, सार्वजनिक छवि, स्थानीय काम र जनसम्पर्कलाई आधार बनाउने

-आन्तरिक निर्वाचनलाई प्रतिस्पर्धी, पारदर्शी र नियमित बनाउने

- युवा नीति मञ्च, अनुसन्धान समूह, नीति विश्लेषण कक्षा र स्थानीय समस्या समाधान कार्यक्रम सञ्चालन गर्ने

- विदेशमा रहेका युवा, फर्किएका विद्यार्थी, उद्यमी र प्राविधिक विज्ञहरूको ज्ञान तथा पुँजीलाई पार्टीको नीतिसँग जोड्ने

- पार्टीका बजेट, निर्णय, कार्यक्रम र प्रगति विवरणलाई डिजिटल माध्यमबाट अधिक खुला बनाउने

-युवा नेतृत्वलाई तालिम, मार्गदर्शन र जिम्मेवारी दिएर तयार गर्ने

कांग्रेसका युवा प्रतिनिधिहरूले पनि महाधिवेशनले पार्टीका विचार, संगठन र कार्यक्रमका स्पष्ट नीति तय गर्नुपर्ने माग राखेका छन् यसको अर्थ युवाले पदमात्र खोजेका नभएर आफ्नो चिन्ता र सोचलाई पार्टीको नीतिमा समेटिने अपेक्षा गरेका हुन्

**पुस्तान्तरण र अनुभवको सन्तुलन**

युवाको नेतृत्व भनेको उमेर परिवर्तनमात्र होइन यो राजनीतिक संस्कार, कार्यशैली, पारदर्शिता र उत्तरदायित्वको परिवर्तन पनि हो त्यसैले अनुभव भएका अग्रज पुस्ता र ऊर्जा, नयाँ दृष्टि तथा प्राविधिक दक्षता भएको युवा पुस्ताबिच प्रतिस्पर्धाभन्दा सहकार्य आवश्यक छ

अग्रज पुस्ताको भूमिका अनुभव, संस्थागत स्मृति, राजनीतिक शालीनता र संकटकालीन मार्गदर्शन दिनु हुन सक्छ युवा पुस्ताको भूमिका भने नयाँ प्रश्न उठाउने, नयाँ प्रविधि प्रयोग गर्ने, जनतासँग सीधा संवाद गर्ने र परिणाममुखी राजनीति अघि बढाउने हुनुपर्छ 'आजका युवा भोलिका नेता' भन्ने पुरानो ढाँचालाई फेरेर उनीहरूलाई आजकै नेतृत्व निर्माणको प्रक्रियामा समावेश गर्नुपर्छ

**बीपीको मार्गमा अघि बढ्ने उपाय**

**नेपाली कांग्रेसले बीपीको विरासतलाई सम्मान गर्न निम्न कार्यलाई प्राथमिकता दिन सक्छ :**

- वैचारिक स्पष्टता ( लोकतान्त्रिक समाजवादलाई आजको अर्थतन्त्र, रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासँग जोडेर पुनःपरिभाषित गर्ने

- संगठनात्मक सुधार ( आन्तरिक निर्वाचन, सदस्यता व्यवस्थापन, कार्यकर्ता सम्मान र पारदर्शी निर्णय प्रक्रिया सुदृढ गर्ने

- युवा नेतृत्व विकास ( युवालाई कोटामा मात्र सीमित नराखी नीति, संगठन र चुनावी नेतृत्वमा जिम्मेवारी दिने

-जनसेवामा केन्द्रित राजनीति ( हरेक स्थानीय एकाइले एउटा पहिचानयोग्य जनसेवा वा विकास कार्यक्रम चलाउने

- राष्ट्रिय सहमति ( राष्ट्रिय हित, संविधानको संरक्षण, सामाजिक सद्भाव र लोकतान्त्रिक संस्थाको रक्षामा सबै पक्षसँग संवाद गर्ने

- परिणाममुखी नेतृत्व ( नेताहरूले आफ्नो क्षेत्र, जिम्मेवारी र प्रतिबद्धताको सार्वजनिक मूल्यांकन स्वीकार गर्ने

**निष्कर्ष**

बीपी कोइरालाको विचारले नेपाली कांग्रेसलाई तीन स्पष्ट दिशानिर्देश दिन्छ – लोकतन्त्रलाई संस्थागत बनाउने, समाजवादलाई जनजीविका र सामाजिक न्यायसँग जोड्ने र राष्ट्रियतालाई समावेशी स्वाभिमानका रूपमा व्यवहारमा उतार्ने आजको कांग्रेसको काम यी मूल्यलाई नयाँ पुस्ताको भाषा, नयाँ प्रविधि र नयाँ आर्थिक वास्तविकतामा अनुवाद गर्नु हो

युवालाई निर्णयको टेबलमा राखेर, आन्तरिक लोकतन्त्र बलियो बनाएर र जनसेवालाई राजनीतिको केन्द्रमा राखेरमात्र कांग्रेसले बीपीको विरासतलाई साँचो अर्थमा निरन्तरता दिन सक्छ बीपीको सम्मान भाषण वा स्मृति सभामा मात्र होइन उनको विचारलाई आजका समस्याको समाधानमा लागु गर्दामात्र हुन्छ

बाह्रखरीबाट

## आन्द्रा स्वस्थ राख्न एउटा सरल बानी:

# दिउँसोको खानासँग एक कप सादा दही

आजको व्यस्त जीवनशैली, अस्वस्थ खानपान, तनाव र अनियमित भोजनका कारण धेरै मानिसको आन्द्राको स्वास्थ्य प्रभावित भइरहेको छ तर एउटा सानो दैनिक बानीले तपाईंको पाचन प्रणालीलाई स्वस्थ राख्न ठूलो मद्दत गर्न सक्छ

दिउँसोको खानासँग नुन वा चिनी नमिसाएको एक कप सादा दही खाने बानी अपनाउनुहोस्

एसिडिटी, पेट फुल्ने, अपच, पायल्स वा अन्य पाचनसम्बन्धी समस्याबाट पीडित व्यक्तिका लागि आन्द्रालाई स्वस्थ राख्ने खानपान अत्यन्त महत्त्वपूर्ण हुन्छ। ग्यास्ट्रोइन्टेसनल रोगका विशेषज्ञहरूका अनुसार औषधिसँगै सही खानपान अपनाउँदा दीर्घकालीन रूपमा पाचन स्वास्थ्यमा उल्लेखनीय सुधार आउँछ

यस लेखमा दहीलाई किन 'प्राकृतिक प्रोबायोटिक सुपरफुड' मानिन्छ र यसले कसरी पाचन तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ भन्नेबारे जानकारी दिइएको छ

**आन्द्राको स्वास्थ्य भनेको के हो ?**

आन्द्रा हेल्थ भन्नाले हाम्रो पाचन प्रणालीमा रहेका राम्रो (गुड ब्याक्टेरिया) र हानिकारक जीवाणुबिचको सन्तुलनलाई जनाउँछ यी सूक्ष्मजीवहरूले शरीरमा धेरै महत्त्वपूर्ण काम गर्छन्

खाना राम्रोसँग पचाउन सहयोग गर्छन्

पोषक तत्त्वहरू शरीरले सजिलै अवशोषण गर्न मद्दत गर्छन्

रोग प्रतिरोधात्मक क्षमता बढाउँछन्

संक्रमणबाट जोगाउँछन्

शरीरको मेटाबोलिज्मलाई सन्तुलित राख्छन्

यदि आन्द्राको स्वास्थ्य बिग्रियो भने निम्न समस्या देखिन सक्छन्-

एसिडिटी

पेट फुल्ने

कब्जियत

इरिटेबल बाउल सिन्ड्रोम

कमजोर रोग प्रतिरोधात्मक क्षमता

**लामो समयसम्म रहने पाचन समस्या**

धेरैजसो पाचनसम्बन्धी रोगको सुरुवात आन्द्रामा रहेका लाभदायक जीवाणुको असन्तुलनबाट हुने भएकाले दैनिक खानपानमा विशेष ध्यान दिन आवश्यक हुन्छ

**दही किन 'प्राकृतिक प्रोबायोटिक' मानिन्छ ?**

दही सबैभन्दा सजिलै उपलब्ध हुने प्राकृतिक प्रोबायोटिक खाद्य पदार्थ हो यसमा जीवित लाभदायक ब्याक्टेरिया हुन्छन्, जसले आन्द्राको सूक्ष्मजीव सन्तुलन कायम राख्न मद्दत गर्छ

दैनिक सादा दही खाँदा यी लाभदायक ब्याक्टेरिया आन्द्रामा पुगेर पाचन प्रणालीलाई स्वस्थ राख्न सहयोग गर्छन्

दहीमा पाइने मुख्य पोषक तत्व

प्रोबायोटिक्स (लाभदायक जीवाणु)

क्याल्सियम

प्रोटिन

भिटामिन बी१२

फस्फोरस

महँगा प्रोबायोटिक सप्लिमेन्टको तुलनामा दही प्राकृतिक, सस्तो र दैनिक सेवनका लागि सुरक्षित विकल्प हो

**दैनिक दही खानुका फाइदा**

१. आन्द्रामा राम्रो ब्याक्टेरियाको सन्तुलन कायम गर्छ

दहीमा पाइने ल्याक्टोबेसिलसलगायतका लाभदायक जीवाणुले आन्द्रामा राम्रो ब्याक्टेरियाको संख्या बढाउँछन्

**यसले**:

पाचन सुधार गर्छ

पेट फुल्ने समस्या घटाउँछ

एसिडिटी कम गर्न मद्दत गर्छ

२. पाचन प्रक्रिया सहज बनाउँछ

अनियमित खानपानका कारण धेरै मानिसलाई अपचको समस्या हुन्छ दिउँसोको खानासँग दही खाँदाः

खाना सजिलै पच्छ

पोषक तत्त्व राम्रोसँग अवशोषित हुन्छ

खाना खाएपछि हुने भारीपन कम हुन्छ

३. रोग प्रतिरोधात्मक क्षमता बढाउँछ

हाम्रो शरीरको करिब ७० प्रतिशत रोग प्रतिरोधात्मक क्षमता आन्द्रासँग सम्बन्धित हुन्छ

दहीलेः

आन्द्राको भित्री तहलाई बलियो बनाउँछ

संक्रमणबाट जोगाउँछ

सूजन (इन्फ्लामेसन) कम गर्न सहयोग गर्छ

४. हानिकारक ब्याक्टेरियाबाट जोगाउँछ

**दहीमा रहेका प्रोबायोटिक्सले**:

हानिकारक जीवाणुको वृद्धि रोक्छन्

पेटको संक्रमण कम गर्न मद्दत गर्छन्

पाचनसम्बन्धी समस्या घटाउँछन्

५. सामान्य पाचन समस्यामा लाभदायक

दैनिक दही सेवनले निम्न समस्या व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्छः

एसिडिटी

ग्यास्ट्राइटिस

कब्जियत

पेट फुल्ने

इरिटेबल बाउल (आईबीएस) का लक्षण

दही खाने सबैभन्दा उपयुक्त समय

दिउँसो (विशेषगरी लन्चसँग)

दिउँसो दही खानु उत्तम मानिन्छ, किनभनेः

यस समयमा पाचन शक्ति बढी सक्रिय हुन्छ

प्रोबायोटिक्स प्रभावकारी रूपमा काम गर्छन्

भारी खाना पचाउन सहयोग मिल्छ

राति कहिले नखाने ?

यदि तपाईंलाईः

बारम्बार रुघाखोकी लाग्छ,

साइनसको समस्या छ,

राति पाचन कमजोर हुन्छ,

दही खाने सही तरिका

अधिकतम लाभका लागिः

- नुन वा चिनी नमिसाएको सादा दही खानुहोस्
- घरमै जमाएको वा ताजा दही रोज्नुहोस्।
- दैनिक एक सानो कचौरा (करिब एक कप) पर्याप्त हुन्छ
- दिउँसोको खानासँग सेवन गर्नुहोस्
- फ्लेभर भएको वा अत्यधिक प्रशोधित दहीबाट टाढा रहनुहोस्

दही खाने स्वस्थ विकल्प

भातसँग दही

तरकारीसँग दही

मोही

रोटी वा कोदो, फापर, जौजस्ता अन्नसँग दही

कसले दैनिक दही खानु उपयुक्त हुन्छ ?

दही विशेष गरी निम्न व्यक्तिका लागि लाभदायक हुन्छः

पाचन समस्या भएका व्यक्ति

कब्जियत वा बवासीर भएका बिरामी

एसिडिटी वा पेट फुल्ने समस्या भएका

पेटको संक्रमणबाट निको भइरहेका व्यक्ति

जठरान्त्रसम्बन्धी समस्या भएका

अनियमित समयमा खाना खाने कार्यालयमा काम गर्ने व्यक्ति

कहिले सावधानी अपनाउने ?

दही सबैका लागि उपयुक्त नहुन पनि सक्छ यी अवस्थामा चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छः

गम्भीर ल्याक्टोज असहिष्णुता

डेरीजन्य पदार्थ खाँदा पेट धेरै फुल्ने

पुरानो साइनस वा श्वासप्रश्वासको समस्या

विशेष प्रकारका पाचन रोग

यस्तो अवस्थामा व्यक्तिगत स्वास्थ्य अवस्थाअनुसार आहार योजना आवश्यक पर्न सक्छ

सानो बानीले भविष्यका रोगबाट बचाउन सक्छ

दैनिक एक कप दही खाने बानीलेः

पाचन सुधार गर्छ

रोग प्रतिरोधात्मक क्षमता बढाउँछ

आन्द्रामा राम्रो ब्याक्टेरियाको सन्तुलन कायम राख्छ

दीर्घकालीन स्वास्थ्य जोखिम कम गर्न सहयोग पुऱ्याउँछ

स्वास्थ्य खबरबाट

# सुपादेउरालीमा स्वच्छताको अभियान



अर्घाखाँची अर्घाखाँचीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपादेउराली मन्दिर परिसरमा सुपादेउराली बजार व्यवस्थापन समितिले आज सरसफाइ गरेको छ

हरेक महिनाको एकादशीका दिन सरसफाइ कार्यक्रम गरिने गरेको अध्यक्ष सरोज केसीले बताएका छन्

केसीका अनुसार धार्मिक तथा पर्यटकीय क्षेत्रमा सरसफाइ र स्वच्छ वातावरण कायम राख्ने उद्देश्यले अभियान सञ्चालन गरी सरसफाइ कार्यक्रम आयोजना गरिएको बजार व्यवस्थापन समितिका अध्यक्ष केसीले बताए उनका अनुसार सबैको सहयोग र सद्भावले सुपादेउराली मन्दिर क्षेत्र धार्मिकतथा पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ। बजार व्यवस्थापन समितिका सचिव बाबुराम थापाले सहरी तथा धार्मिक पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि सरसफाइ प्रमुख आयाम भएको बताए उनले सरसफाइलाई थप प्रभावकारी बनाउन बजार व्यवस्थापन समिति, मन्दिर व्यवस्थापन समिति र स्थानीय बासिन्दालगायत सबैको सहयोग रहेको जनाए सरसफाइका लागि भइरहेका प्रयासलाई सफल बनाउन जागरण अभियान सञ्चालन गर्न आवश्यक रहेको अध्यक्ष केसीले बताए

हालै सम्पन्न अधिवेशनबाट अध्यक्षमा केसी र सचिवमा थापा निर्वाचित भएपछि जनमुखी सुधारका लागि अन्य संघसंस्थाको प्रयासमा रचनात्मक तथा सकारात्मक काम गर्दै आएको स्थानीयको भनाइ छ

## सच्याइएको

मिति २०८३।०६।१८ गते यस दैनिकमा प्रकाशित सीताराम थारुको ३५ दिनेसार्वजनिक सूचनाको जग्गा विवरणमा ०-५-०हुनुपर्नेमा अन्यथा भएको ले सच्याइएको छ

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

प्रेम सिंह खत्रीको छोराबुहारी, मिन बहादुर क्षेत्रीको छोरी, टेक वहादुर खत्रीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, रेसुङ्गा नगर पालिका वडा नं. १४ बस्ने मैया खत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१२१७ संचालन गर्दै आउनु भएकोमा मिति २०७९/०५/०२ मा निज खातावाला मैया खत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरी नाता पने रुपा क्षेत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मैया खत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मणिरत्न पाण्डेको नाति, परिच्छद पाण्डेको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. १० बस्ने वेदुराम पाण्डेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३८१६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०६/०५ मा निज खातावाला वेदुराम पाण्डेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने डिली पाण्डेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक वेदुराम पाण्डेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

## Ramgram Municipality
## Office of the Municipal Executive
Parasi, Nawalparasi (west), Lumbini Province, Nepal

# Invitation for Bids (hard copy)

**Date of publication: October 08, 2026**

1. Ramgram Municipality, Parasi, Nawalparasi (west) invites bids (hard copy only) from eligible bidders for following works under National Competitive Bidding (NCB) procedure.

| S.N. | Name of work | Contract ID | Fee of Bid Document | Bid/Bid Security Validity Period (NRs) | Bid Security Amount | Estimated Amount (without VAT and contingencies) |
|---|---|---|---|---|---|---|
| 1. | परासी भुमही सडकबाट नवलपरासी जिल्ला कारागार हुँदै कर कार्यालय सम्म सडक पुर्वाधार निर्माण | RAM/NCB/WORKS/03/2083-84 | NRs. 3000,00 | 90/120 days | NRs 75,000.00 | NRs. 2992914.00 |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Biddersshould deposit the equivalent fee for bidding document along company/firm registration, business registration, VAT/PAN registration, tax clearance certificate, before October 27, 2026 office hours for purchasing the bid document. |
|---|---|---|---|---|
| Date: October 28, 2026 | Time: 12:00 hrs | Date: October 28, 2026 | Time: 13:00 hrs | |

3.Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Ramgram Municipality | Rastriya Banijya Bank Ltd., Ramgram Parasi Branch | 3100100301010002 (Ramgram Nagarpalika Ga. 1 Aantrik Rajwso Khaata) Revenue symbol no 14229, Office Code Number: 801054702 | 3100100303000002 (Ramgram Nagarpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of workswithout assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.
5. For further information, please refer to the Municipality's office and related bid documents can be downloaded from www.ramgrammun.gov.np.

**Chief Administrative Officer**

**लुम्बिनी प्रदेश रुपन्देही जिल्ला रोहिणी गाउँपालिका वडा नं ४ मा कार्यान्वयन हुने आर. के. ग्लास इण्डष्ट्रिज प्रा. लि. प्रस्ताव / आयोजनाको**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०६/२२

| | |
|---|---|
| **प्रस्तावक** | (क) नामः आर. के. ग्लास इण्डष्ट्रिज प्रा.लि.<br>(ख) ठेगानाः रोहिणी गाँउपालिका, वडा नं ४. रुपन्देही<br>(ग) फोन नः ९८५७०११०५३ |
| **प्रस्तावको व्यहोरा** | (क) कार्यान्वयन हुने स्थानः रोहिणी गाँ.पा. ४. छिपागढ, रुपन्देही (ख) जग्गा विवरणः साविक छिपागढ १ घ कित्ता नं ७२७ क्षेत्रफल जम्माः ०-१०-१० (३५५३.५९ व.मि.)<br>(ग) लगानीः रु ४० करोड (अधिकृत पूँजी)<br>(घ) लगानी किसिमः नीजि<br>(ङ) उत्पादनः अलुमिनियम कोटेड ऐना ( Aluminum Coated Mirrors) |
| **प्रभाव पर्न सक्ने जिल्ला / स्थानीय तह** | रुपन्देही जिल्लाको रोहिणी गाँ.पा. वडा नं ४ सबै |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष,रसायनिक पक्ष, समाजिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा प्रभाव यकिन गर्न स्थानीय तहमा रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनरोध गरिन्छ

**राय सूझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकः** | आर. के. ग्लास इण्डष्ट्रिज प्रा. लि.<br>रोहिणी गाँ.पा. ४. छिपागढ, रुपन्देही<br>फोन नः९८५७०११०५३ |
| **परामर्शदाताः** | धरातल सेवा, सिद्धार्थनगर न.पा. ७.रुपन्देही<br>इमेलः earthservices2013@gmail.com, फोन नः ९८१८५५५५३९ |

## Musikot Municipality
## Office of the Municipal Executive
Wamitaksar, Gulmi

# Invitation for Sealed Quotations

**Date of publication: 2083/06/22 (08-10-2026)**

1. The Office of Musikot Municipality invites sealed quotations (hard copy) from Nepalese eligible bidders for the execution of following projects.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Musikot Municipality within the specified time period.

| S. N. | Contract ID | Project Title | Estimated Amount including PS Without VAT and contingencies (NRs.) | Bid amount NRs. | Bid security Amount NRs. | Last date for Purchasing Bid Documents | Last date for Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MMEB8/SQ5/WORKS/JDH/2083/084 | Upgrading of Jhedi Dharapani Halogade Neta Dajakot Bhaglam Sadak 2083-084. | 1719977/ | 1,000/ | 53,000/ | (Aswin -28,2083) 14-10-2026 within office hours. | (Oct.-15)/ 15-10-2026 (Aswin -29,2083) 13:00 hrs. | |
| 2 | MMEB11/SQ8/WORKS/DRAIN-TP/2083/084 | Tallaphat Bhitri Basti Nali Byawasthapan 2083-084. | 860932/ | 1000/ | 26000/ | | | |
| 3 | MMEB12/SQ9/WORKS/MRBSADAK/2083/084 | Mantepata Redcross Bhawan Musikot 7 Gulmi 2083-084. | 860161/ | 1000/ | 25000/ | | | (Road construction) |
| 4 | MMEB13/SQ10/WORKS/KHASTOK/2083/084 | Khastok Ma.Vi Rangrogan 2083-084 | 858896/ | 1000/ | 27000/ | | | |

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश

## भूल सुधार सम्बन्धमा

यस कार्यालयबाट प्रकाशित ठेक्का नं. 06/SQ/MB/Goods/2083/84 र 08/NCB/MB/WORKS/2083/84 सम्बन्धी सूचनामा सूचना प्रकाशन मिति २०८३-०६-२१ (7th Octobe 2026) हुनु पर्नेमा अन्यथा हुन गएकोमा भूलसुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मितिबाहेक सूचनामा उल्लेख भएका अन्य सम्पूर्ण विवरणहरू यथावत् रहने व्यहोरा समेत जानकारी गराइन्छ


## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
# विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
# तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
# सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# स्क्रब टाइफसको संक्रमण लुम्बिनी प्रदेशमा सबैभन्दा बढी

बुटवल नेपालमा स्क्रब टाइफसको संक्रमण ७४ जिल्ल(ामा फैलिएको छ सरकारी तथ्यांकअनुसार जनवरी २०२६ यता किर्नाले टोकेर देशभर १० हजारभन्दा बढी संक्रमित भएका छन्

यो अवधिमा २२ जनाको मृत्यु भइसकेको ईडीसीडीमा रिपोर्ट भए पनि ७ जनाको मात्रै स्क्रब टाइफसको कारण मृत्यु भएको पुष्टि भएको छ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार १५ जनाको मृत्युको कारणबारे थप पुष्टि गर्ने काम भइरहेको छ

स्क्रब टाइफस नेपालमा हरेक वर्ष देखिने संक्रमण हो विगतका वर्षहरूमा पनि ८-१० हजारको हाराहारीमा संक्रमित हुने गरेका थिए तर यस पटक सल्यानमा मृत्युका घटना देखिएपछि संक्रमणको जोखिमबारे थप चासो बढेको हो

ईडीसीडीका अनुसार २०८० मा ९ हजार ३३० जनामा स्क्रब टाइफस संक्रमण देखिएको थियो २०८१ मा ११ हजार ५०० र २०८२ मा भने ७ हजारमा संक्रमण पुष्टि भएको थियो तर कसैको ज्यान गएको थिएन

'स्क्रब टाइफस हरेक वर्ष देखिन्छ पोहोर-परार पनि हजारौंमा संक्रमण भएको थियो फरक यति हो, यस पटक सल्यानमा मृत्युका घटना देखिएका छन्'- दाहालले भने भने

ईडीसीडीको तथ्यांकअनुसार लुम्बिनी प्रदेशमा मात्रै २ हजार ७७९ जना स्क्रब टाइफसबाट संक्रमित भएका छन् त्यसैगरी, सुदूरपश्चिममा १ हजार ९४७, गण्डकीमा १ हजार ८६४, बागमतीमा १ हजार २२६, कोशीमा १ हजार १३२, कर्णालीमा ७२९ र मधेशमा २४६ जनामा संक्रमण पुष्टि भएको छ

दाङ, सल्यान, बझाङ, स्याङ्जा, बर्दिया, पाल्पा, संखुवासभा लगायतका जिल्लाहरूमा यो रोगको संक्रमण धेरै देखिएको छ

स्क्रब टाइफस एक किसिमको सरुवा रोग हो यो रोग किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्छ माइटमा पाइने ओरेन्सिया सुसुगामुसी भन्ने जीवाणुबाट लाग्छ माइट प्रायः झाडी, खेतबारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाउँमा देखिन्छ सल्यानमा मृत्यु भएका व्यक्तिहरूको प्रारम्भिक अध्ययन गर्दा स्वास्थ्य संस्था पुग्न ढिला गर्नु प्रमुख कारणमध्ये एक देखिएको दाहाल बताउँछन्

'केन्द्रबाट गएर अध्ययन गर्दा उहाँहरू समयमै अस्पताल नपुगेर मृत्यु भएको देखिन्छ,' डा. दाहालले भने-'ज्वरो आएपछि पनि घरमै सिटामोल खाएर बस्ने र स्वास्थ्य संस्था पुग्न ढिला गने ' प्रवृत्तिले मृत्यु भएको देखिन्छ'

स्क्रब टाइफसको उपचारका लागि आवश्यक औषधि स्वास्थ्य संस्थामा वर्षभरि निःशुल्क उपलब्ध हुने भएकाले समयमै उपचार पाएमा बिरामी निको हुने दाहाल बताउँछन्

स्क्रब टाइफसको समयमै उपचार नपाए मल्टी अर्गन डिसफङ्क्सन अर्थात् शरीरका विभिन्न अंगले एकसाथ काम गर्न छाड्ने अवस्था आउँछ त्यसपछि बिरामीलाई आईसीयूमा राखेर उपचार गर्नुपर्ने अवस्था आउन सक्छ र मृत्युको जोखिमसमेत बढ्छ 'ज्वरो आउनेबित्तिकै स्वास्थ्य संस्थामा गएर जाँच गरियो भने औषधि उपलब्ध हुन्छ र उपचार सम्भव छ,' उनी भन्छन्, 'तर ढिला हुँदा संक्रमणले अन्य अंगमा असर गरिसकेको हुन्छ त्यसपछि जटिलता थपिँदै जान्छ' हालसम्म २० जन(ाभन्दा बढीको मृत्यु भइसकेको ईडीसीडीमा रिपोर्ट भएको छ तर त्यसबारे यकिन गर्ने काम भइरहेको डा. दाहालले बताए उनका अनुसार स्क्रब टाइफसबाट भएको मृत्यु पुष्टि गर्न मृत्यु प्रमाणपत्र, उपचारको विवरण र चिकित्सकसँगको छलफलबाट यकिन गरिन्छयही समयमा मकै तथा अन्य कृषि उपज भित्र्याउने काम हुने भएकाले मानिस र किर्नाबीच सम्पर्क बढ्दा संक्रमणको जोखिम थप बढ्न सक्ने दाहालको भनाइ छउपचार सुरु गर्न सकेमा मृत्यु रोक्न सकिन्छ'

---

**एमसीसी** ...

नेपालमा एससीसीका अनुदानमा बन्ने परियोजनामध्ये १८ किलोमिटर प्रसारण लाइन निर्माण हालै सम्पन्न भइसकेको छ साथै, २ सय ९७ किलोमिटर प्रसारण लाइन तथा तीन वटा सबस्टेसनको ठेक्का लागिसकेको छ

त्यस्तै पूर्वपश्चिम राजमार्गमा पर्ने दाङ धानखेतदेखि लमहीसम्मको सडक स्तरोन्नतिको कामको पनि ठेक्का लागिसकेको छ एमसीए-नेपालले न्यु बुटवल सबस्टेसनदेखि भारतीय सीमासम्मको १८ किलोमिटर प्रसारण लाइन शिलान्यास भएको ९ महिनामै निर्माण सकेको छ २८ भदौमा यो परियोजनाको काम सकिएको हो

एमसीसी परियोजनाले तनहुँ दमौली, नुवाकोट रातमाटे सबस्टेसन र नवलपरासीमा ४०० केभी क्षमताको सबस्टेसन निर्माण गर्दै छ

त्यसअघि कुल ३ सय १५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि तीन वर्षअघि आह्वान भएको बोलपत्रमा बोलपत्रदाताले हालेको टेन्डरको न्यूनतम प्रस्ताव नै लागत अनुमान ६० प्रतिशत महँगो परेपछि २६ असोज २०८० मा सबै प्रक्रिया रद्द गरिएको थियो

प्रसारण लाइन परियोजनाको पुनः मूल्यांकन गरिएकोमा त्यसअघि छुट्याइएको बजेट अपुग हुने भएपछि अमेरिकी संसद्ले थप ५ करोड डलर (करिब ७ अर्ब रुपैयाँ) अनुदान थपेको थियो

त्यसपछि सीमानाकासम्मको १८ किलोमिटरलाई छुट्टै टेन्डर आह्वान गरेर ठेक्का लगाइएको थियो भने बाँकी २ सय ९७ किलोमिटरका लागि तीन प्याकेजमा निर्माण सम्झौता भएको थियो

पहिलो पटक ठेक्का रद्द भएर दोस्रो पटकमा लागेका यी ठेक्काको म्याद एमसीसी कम्प्याक्टको म्या(दभन्दा पनि पछाडिसम्म छ त्यसो हुँदा यी परियोजना सम्पन्न गर्न पनि एमसीसी कम्प्याक्टको म्याद थप गर्नुपर्ने हुन्छ

२० जनवरी २०२५ मा अमेरिकी राष्ट्रपति ट्रम्पले वैदेशिक सहायता समीक्षा सुरु गरी नेपाल सम्झौताको कार्यान्वयन रोकेका थिए २०२५ जुलाई अन्तिम साता अमेरिकी सरकारले नेपालमा एमसीसी परियोजनालाई निरन्तरता दिन सिफारिस गरेको थियो

यसरी करिब सात महिना परियोजना स्थगित भएको थियो यसका अतिरिक्त गत वर्ष आएको त्रिशूली बाढीले पनि आयोजना कार्यान्वयनमा अवरोध गरेको थियो भने यसपालिको बाढीले थप समय लाग्ने अवस्था सिर्जना गरेको थियो

अमेरिकाले वैदेशिक सहायत(ाबारे पुनः मूल्यांकन गरिरहेकै अवस्थामा गत मार्चमा एमसीसीले नेपाललाई पत्र लेखी केही महत्त्वपूर्ण खरिद तथा कार्यालय सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न अनुमति दिएको थियो एमसीसी अमेरिकाको वैदेशिक सहायता गने ' एजेन्सी हो। यसले खासगरी गरिबी न्यूनीकरणका लागि काम गर्छ। यसको स्थापना अमेरिकी कंग्रेसले सन् २००४ मा गरेको थियो। एमसीसीले अवधि तोकिएका अनुदान कार्यक्रमलाई सहयोग गर्छ, ती आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, संस्थागत सुदृढीकरणसँग सम्बन्धित हुन्छन् ।

'यसले साझेदार मुलुकमा स्थायित्व र समृद्धि ल्याउने मात्रै होइन, अमेरिकी स्वार्थ बढाउने काम पनि गर्छ,' एमसीसीले आफ्नो परिचयमा उल्लेख गरेको छ

नेपालमा भने सन् २०११ देखि एमसीसीले चासो दिएको हो। २०१४ मा एमसीसीले आफ्नो कार्यक्रमका लागि नेपाललाई ' योग्य' भनेर छनोट गरेको थियो। त्यसपछि नेपालको निरन्तरको पहलपछि अमेरिकाले एमसीसी मार्फत ५० करोड डलर अनुदान दिने निर्णय गरेको हो।

अमेरिकी सरकारले पनि ५ करोड डलर अनुदान थपेपछि परियोजनाको कुल लागत ७४ करोड ७० लाख डलर (१ खर्ब १४ अर्ब रुपैयाँ) पुग्ने अनुमान छ

यो नेपाल सरकारले कार्यान्वयन गर्ने कार्यक्रम हो। यो कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारले एक कार्यालय खोलेको छ, जसलाई एमसीए-नेपाल भनिन्छ। यो विकास समिति ऐन २०१३ अन्तर्गत गठन आदेश मार्फत स्थापना भएको हो।

**भैरहवामा** ...

यसअघि पनि क्लबले 'प्रथम सिद्धार्थनगर सांस्कृतिक मेला' सफलताका साथ सम्पन्न गरिसकेको छ सो मेलाले भैरहवाको सांस्कृतिक तथा मनोरञ्जनात्मक पहिचान स्थापित गर्न ठूलो योगदान पुऱ्याएको अनुभवलाई समेट्दै यसपटक दशैंको अवसर पारेर महोत्सवलाई अझ बृहत्, व्यवस्थित र आकर्षणयुक्त बनाउन लागिएको संस्थाका संस्थापक अध्यक्ष रविक(ान्त उपाध्यायले जनाए

महोत्सवमा सांगीतिक तथा सांस्कृतिक कार्यक्रमका अतिरिक्त विभिन्न व्यवसाय तथा स्था(नीय उत्पादनका स्टलहरु समेत रहनेछन दशैंका लागि किनमेल गर्न र घुम्न आउने स्थानीय तथा भारतीय पर्यटकहरुलाई लक्षित गरी महोत्सव स्थलमा बालबालिका तथा सर्वसाधारणका लागि विभिन्न मनोरञ्जनात्मक खेल तथा गतिविधिहरु सञ्चालन गरिने निवर्तमान अध्यक्ष राजन शुक्लाले बताए दसैं महोत्सवको मुख्य आयोजक लायन्स क्लब अफ भैरहवा लिगेसी रहेको छ भने जय माता दी एम्युजमेन्ट एण्ड इभेन्ट म्यानेजमेन्ट प्रालि आयोजकको रूपमा रहेको छ त्यसैगरी सिद्धार्थनगर नगरपालिका-४ नम्बर वडा कार्यालय र मायादेवी गाउँप(ालिका सह-आयोजक रहेका छन भने सिद्धार्थनगर नगरपालिकाले संरक्षकको भूमिका निर्वाह गरेको छ महोत्सवको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी भने राधाकृष्ण एम्युजमेन्ट एण्ड इभेन्ट म्यानेजमेन्ट प्रालिले लिएको छ

---


## Machhapuchhare Bahuudeshiya Sahakari Sanstha Ltd.

Mathagadh-3, Palpa

## Invitation for Bids

Date of publication: 2083-06-22
Invitation for Bids No: MBS-01-2083-084

Name of the Development Partner Mathagathi Rural Municipality, Rural Economic Development Association and Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd.

1. Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd. has allocated funds from its own resources towards the cost of around 35,00,000(inclusive of vat) Retrospective Organic Certification Services for Ginger and Beans intends to apply part of the funds to cover eligible payments under the Contract for RetrospectiveOrganic Certification Services for Ginger and Beans (Contract Identification No. MBS-01-2083-084). Bidding is open to all eligible Bidders from all countries as defined in ITB Clause 4 (Eligible Bidders).
2. The Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd.invites sealed bids from eligible bidders for the procurement of organic certification services for ginger (inspection, certification, laboratory tests, courier for samples and related travel) under National competitive bidding – Single Stage Single Envelopeprocedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd., Mathagadhi Rural Municipality–03, Sarai, Palpa, Nepal (Contact person: Rekhiram Rana; Phone: 9857060698; Email: sahakarimachapuchre@gmail.com)
4. A complete set of Bidding Documents may be purchased from the office Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd., Mathagadhi Rural Municipality–03, Sarai, Palpa, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR 1,000.00 till2083-07-12 during office hours in the account as specified below.
5. Bank: Global IME Bank, Sarai Branch, Palpa; Account No.: 21301010000038; Account Name: Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd.
6. Sealed or electronic bids must be submitted to the office Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd., Mathagadhi Rural Municipality-03, Sarai, Palpa, Nepal by hand/courier before 12:00 PM on 2083-07-12. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2083-07-12 at the office of Machhapuchhare Bahuudeshiya Sahakari Sastha Ltd., Mathagadhi Rural Municipality–03, Sarai, Palpa, Nepal. Bids must be valid for a period of 45 from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NPR 77,000, which shall be valid for 30 days beyond the validity period of the bid days after the bid submission deadline)
8. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

In case of electronic bid invitation, purchaser shall extend the deadline as required in the e-GP system.



## गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भगतसिंह खड्का
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं



युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सरोज कुमार थापा
अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गौंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको

### ७२औं वार्षिक साधारणसभा तथा २६औं अविधेशन सम्बन्धी सूचना

बुटवल उद्योग बाणिज्य संघ, रुपन्देहीको ७३औं बार्षिक साधारण सभा तथा २६औं अविधेशन २०८३ असोज २३ देखी २६ गतेसम्म संघको सभाहलमा आयोजना हुने जानकारी गराउँदछौ अतः उक्त वार्षिक साधारण सभा तथा अविधेशनको निमन्त्रणा यहाँहरुको व्यवसाय स्थलसम्म वितरण भएकोमा कथंनकदाचित निमन्त्रणा प्राप्त नभएमा यसै सूचनाको आधारमा उपस्थित भई सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौ

स्थान : संघको सभाहल, बुटवल ६, चेम्बरमार्ग
समय : बिहान ८ बजेदेखि



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com





